नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
फोन नं. ०१-४२००३०४

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

पत्र सं.:- ०७९/८०
चलानी नं.:- ५११

मितिः- २०८०/०२/२१

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं. ३३४ मिति २०८०/०२/१७ को कृषि तथा पशुपन्छी बीमा प्राविधिकहरुलाई जिम्मेवार बनाउने सम्बन्धी पत्र आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

**बोधार्थः**
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार।
श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

संघिय मा.म.

पत्र संख्या : ०७९/८०
च.नं. : ३३४

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४८९३
दर्ता मिति:- २१।१९

मिति: २०८०/०२/१७

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं।

विषय: कृषि तथा पशुपन्छी बीमा प्राविधिकहरुलाई जिम्मेवार बनाउने सन्दर्भमा।

उपर्युक्त सम्बन्धमा कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका, २०७९ मा व्यवस्था भएअनुसार प्राविधिकले बेमालेख जारी गर्नु अघि बीमा गर्न लागेको वस्तुको जाँच पास गरी बीमा गर्न योग्य छ या छैन भनी मूल्यांकन गरी बीमितलाई सिफारिस पत्र उपलब्ध गराउनु पर्ने र बीमालेख तथा निर्देशिकामा उल्लेख भएअनुसारको बीमाङ्क कायम गर्ने आधारहरुभन्दा फरक हुने किसिमले सिफारिस गर्न नहुने व्यवस्थाबारे विदितै छ। यति हुँदाहुँदै पनि यदाकदा तोकिएको भन्दा अधिक बीमाङ्क कायम गरी बीमालेख जारी भएको पाइएको हुँदा मिति २०८०/०२/०७ को बाली तथा पशुधन बीमा कोष व्यवस्थापन समितिको बैठकले "कृषि तथा पशुपन्छी बीमा अन्तर्गत जारी हुने केही बीमालेखमा कृषिको हकमा कृषि प्राविधिक र पशुपन्छीको हकमा पशु तर्फको प्राविधिकले नियमानुसार भन्दा बढी हुने गरी बीमाङ्क कायम गरी सिफारिस गरेको पाइएमा सोहि प्राविधिक जिम्मेवार हुने र कारवाहीको भागी हुने" निर्णय गरेको हुँदा सबै स्थानीय तहहरुमा परिपत्र गरिदिनुहुन सादर अनुरोध छ।

श्री स्थानीय तह समन्वय शाखा

डा. अरुण प्रकाश भट्ट
वरिष्ठ कृषि प्रसार अधिकृत

ईमेल: info@moald.gov.np, वेवसाईट: www.moald.gov.np